# कावासोती नगरपालिका
## नगरकार्यपालिकाको कार्यालय
शिवमन्दिर, नवलपरासी (बर्दघाट सुस्ता पुर्व)
गण्डकी प्रदेश, नेपाल


प.सं.२०७६।०७७
च.नं. 2056

मिति : २०७७/०१/२६

श्री कावासोती नगरपालिका अन्तर्गतका
सम्पूर्ण विद्यालयहरु ।

**विषय : नतिजा प्रकाशन सम्बन्धमा ।**

प्रस्तुत विषयमा मिति २०७७०१।२४ गतेको नगर परीक्षा समितिको वैठकको निर्णयानुसार शैक्षिक सत्र २०७६ को कक्षा १-९ को नतिजा देहाय अनुसार प्रकाशन गर्नुहुन अनुरोध छ ।

(क) कक्षा ८ को नतिजाको तयारी लेजर ( हार्ड तथा सफ्टकपी ) लिन मिति २०७७०१।२७ गते कावासोती नगरपालिका शिक्षा शाखामा प्रधानाध्यापक वा सहायक प्रधानाध्यापक उपस्थित हुने । लेजरको साथमा प्राप्त हुने निर्देशनका आधारमा २०७७०१।२७ गते कक्षा ८ को नतिजा नगरबाट र विद्यालयवाट प्रकाशन हुनेछ । साथै अन्य कक्षाको हकमा २०७७ को बैशाख मसान्त भित्रमा गर्ने ।

(ख) विद्यालयले आफ्नो वेबसाइट, सामाजिक सन्जाल, इमेल, टेलीफोन मार्फत प्रत्येक अभिभावक र विद्यार्थीलाई नतिजाको जानकारी गराउने ।कोभिड-१९ को कारणले लागु गरिएको लकडाउन ( बन्दाबन्दी ) को अवस्थालाई कुनै पनि किसिमले उल्लङ्घन नगर्ने गरी नतिजा प्रकाशन गर्ने ।

(ग) नतिजा जानकारी दिने लिने  कार्य बुंदा (ख) अनुसार भए पछि अर्को सूचना नभए सम्म अभिभावक भेटघाट, घरदैलो, भर्ना लगायतका लकडाउन उल्लङ्घन हुने कार्यहरु नगर्ने नगराउने ।

(घ) लकडाउनको अवधिमा उपयोगी सन्दर्भ सामग्री तथा पुराना पाठ्यपुस्तक अध्ययन, परिस्थिती, प्रयोग र भोगाईलाई सिकाईसंग जोड्ने रचनात्मक परियोजना कार्य, भर्चुअल तथा दुरशिक्षा कक्षा आदीका माध्ययबाट समयको सही सदुपयोग गर्न गराउन सम्बन्धित सम्पूर्ण शिक्षक, विद्यार्थी र अभिभावकलाई अनुरोध गर्ने ।

राजन पाण्डे
शाखा अधिकृत
**शाखा अधिकृत**